# प्रेस विज्ञप्ती - १२०
# Press Release-120

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मिति:-२०७१/०२/२६ गते ।

## २,८३० ग्राम कोकिन र मेडिकल ड्रग्ससहित बिदेशी /स्वदेशी नागरिक पक्राउ ।

यस लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको अप्रेशन समूहले निम्न मिति र स्थानवाट निम्न बमोजिमको लागू औषध सहित बिदेशी तथा स्वदेशी नागरिक पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारवाही भईरहेको छ ।

**पक्राउ विवरण :-**

(१) मिति २०७१।०२।२३ गते का.जि.का.म.न.पा.वडा नं. २९ चाक्सीवारीमार्ग स्थित रहेको ट्र्याकर होम होटलमा बसेका फिलिपिन्स नागरीक पासपोर्ट नं. EB3901697 की वाहक वर्ष ३७ की CRISTINA ABAYGAR HARO-१ जना, पाकिस्तानी नागरीक पासपोर्ट नं. AC9945542 की वाहक वर्ष ५२ की LOUIS ARTHUR -१ जना र पाकिस्तानी नागरीक पासपोर्ट नं. FB6905981 वाहक वर्ष ४६ की AYESHA HUSSAIN -१ जना सहित **३ जना विदेशी महिलाहरु**को साथमा रहेको सुटकेश भित्र राखीएको B&S स्याम्पुको दुईवटा वट्टाबाट क्रमश: ३७५ग्राम, ३९० ग्राम गरी ७६५ग्राम, Rexona Efficient लेखिएको वट्टाबाट २०० ग्राम, Villa Rica लेखिएको २ वटा कफीको प्याकेटबाट २५०/२५० का दरले ५०० ग्राम, सेतो रंगको प्लाष्टिकको वट्टाबाट ३८५ ग्राम र सोही सुटकेशको समात्ने डण्डबाट-४९० र अर्को कालो प्याजी रंगको सुटकेसको समात्ने डण्डीबाट-४९० ग्रामसमेत जम्मा २ के.जी.८३० ग्रामकोकिन लुकाई छिपाई राखेको फेला परेकोले उक्त कोकिन सहित विदेशी महिलाहरुलाई सोही स्थानबाट पक्राउ गरिएको छ ।

(२) मिति २०७१।०२।२२ गते मोरङ्ग जिल्ला बिराटनगर -१९ मिल्स एरिया घर भई का.जि.भ्कोर गा.वि.स.-७ डेरा गरी बस्ने वर्ष ३१ को सुरज सिंह ठकुरीको साथबाट नियन्त्रित लागु औषध डाईजेपाम(डाईजेल्याब) -५० पिस, बुप्रेनर्फिन(नोरजैसिक)-५० एम्पूल, फेनारगन-५० एम्पूल र सोही मितिमा मकवानपुर जि.घर भई हाल का.जि. सरस्वती गा.वि.स-४ बस्ने अर्का व्यक्ति वर्ष २० को अनमोल हमाल ठकुरीको साथबाट नियन्त्रित लागु औषध डाईजेपाम( डाईजेल्याब)-१७ एम्पूल, बुप्रेनर्फिन (नोरजैसिक)-१७ एम्पूल, फेनारगन-१७ एम्पूल गरी जम्मा नियन्त्रित लागू औषध २०१ एम्पूल सहित २ जानलाई का.जि.का.म.पा.वडा २९ सामाखुसी चोक अगाडीबाट पक्राउ गरिएको छ ।

३. मिति २०७१।०२।२५ गते १६.०० वजेको समयमा का.जि.का.म.पा.वडा नं. ७ गोपिकृष्ण हल अगाडीवाट काभ्रेपलाञ्चोक जिल्ला पनौति न.पा.७ घर भै हाल का.जि.थली गाविसमा डेरा गरी वस्ने वर्ष २९ का रमेश परियार १, का.जि.का.म.न.पा.वडा नं. ७ कुमारीगाल वस्ने वर्ष २३ की पुनम लामा १ समेत जना २ ले नियन्त्रित लागूऔषध डाइजेल्याव ५० एम्पुल, वुप्रिनफिन ५० एम्पुल र फेनारगन ५० एम्पुल गरी जम्मा १५० एम्पुल सहित पकाउ गरिएको छ ।

४. मिति २०७१।०२।२५ गते १७.०० वजेको समयमा का.जि.का.म.पा.वडा नं. ३५ कोटेश्वर चोकवाट काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा.९ घर भै हाल ल.पु.जि.इमाडोल वस्ने वर्ष २२ की प्रतिमा चौलागाई १ का.जि.का.म.पा.वडा नं. ३५ कोटेश्वर वस्ने वर्ष २२ की कविता भारती १, मकवानपुर जि. हेटौडा न.पा.वडा नं. ४ घर भै हाल का.जि.का.म.न.पा.वडा नं. ३५ कोटेश्वर वस्ने वर्ष २८ की सावित्री प्रजापति १ का.जि.का.म.न.पा. वडा नं. ३५ कोटेश्वर वस्ने वर्ष २१ को सुनिल प्रजापति १ समेत जना ४ लाई नियन्त्रित लागूऔषध डाइजेल्याव २०५ एम्पुल, वुप्रिनर्फिन २०५ एम्पुल र फेनारगन २०५ एम्पुल सहित पकाउ गरिएको छ ।

**फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८**
**ईमेल :** ncbnepal@gmail.com




09/06/2014 15:03


LOUIS ARTHUR
09/06/2014 15:29


09/06/2014 11:50